# बालबालिकाका निमित्त गैरसरकारी संस्थाहरुको

बालबालिकाका निमित्त गैरसरकारी संस्थाहरुको महासंघ-नेपाल (CNFN) बालअधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी, सामाजिक संस्थाहरुको छाता संगठनको रूपमा सम्वत् २०५० देखि क्रियाशील रहँदै आएको छ । CNFN मा आबद्ध रहेका बालबालिकाका क्षेत्रमा क्रियाशील १६७ सदस्य संस्थाहरुमध्ये ३६ संघसंस्था (बालगृह) मात्र अन्तरदेशीय धर्मपुत्र/पुत्रीका लागि मन्त्रालयमा सूचीकृत रहेका थिए । राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा समेत बालअधिकारको विषयलाई उठाउँदै आएको CNFN ले नेपाल सरकारका विभिन्न निकायमा रहेका समितिहरुमा सदस्य रही बालअधिकारको क्षेत्रमा नीतिगत विषयहरुमा विशेष भूमिका निर्वाह गर्दै आइरहेको छ । नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र/पुत्री ग्रहण गर्न दिनका लगि नेपाल सरकारलाई सिफारिस गर्ने ६ सदस्यीय छानविन, सिफारिस तथा अनुगमन समितिमा अन्तर्राष्ट्रिय प्रचलनअनुसार नै विगत ९ वर्षदेखि नेपाल सरकारले CNFN लाई पनि एक सदस्यको रूपमा समावेश गर्दै आएको छ । CNFN को विधानमा अन्तरदेशीय धर्मपुत्र/पुत्रीमा क्रियाशील एवं संलग्न नरहेको व्यक्तिले मात्र उक्त समितिमा प्रतिनिधित्व गर्नसक्ने वैधानिक व्यवस्था रहेको छ । CNFN ले लामो समयदेखि नै Hague Convention लाई अनुमोदनका लागि नेपाल सरकारलाई दवाव पनि दिँदै आएको र नेपालले Hague Convention मा हस्ताक्षर गरेपछि Technical Assistance का लागि नेपाल आएको The Hague Conference on Private International law को Mission to Nepal ले हाले प्रकाशित गरेको नेपालसम्बन्धी प्रतिवेदनमा मन्त्रालयमा रहेको जाँचबुझ, सिफारिस तथा अनुगमन समितिमा संघसंस्था (बालगृह)हरु सदस्य रहेको CNFN को प्रतिनिधित्वको विषय Conflict of Interest हुनसक्ने भनी प्रश्न उठाइएको हुँदा CNFN को मिति २०६६/११/४ मा बसेको बैठकले अन्तरदेशीय धर्मपुत्र/पुत्रीको क्षेत्रमा कार्यरत संघसंस्था (बालगृह)ले महासंघको आबद्धता प्राप्त गर्न र कायम रहन नसक्ने गरी CNFN को सदस्यता वितरण तथा मापदण्ड परिमार्जन र संसोधन गरी लागू गरेको हुँदा अन्तरदेशीय धर्मपुत्र/पुत्रीको कार्य गर्न मन्त्रालयमा सूचीकृत रहेका संघसंस्था (बालगृह) हरुको CNFN मा रहेको आबद्धता मिति २०६६/११/४ गतेदेखि लागू हुनेगरी समाप्त भएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

नेपालको धर्मपुत्र/पुत्रीसम्बन्धी विषयमा उठाइएका सबै प्रश्नहरुको अन्तर्राष्ट्रिय मान्यताअनुसार निदान गर्दै Hague Convention ले निर्धारण गरेको सिद्धान्तअनुसार धर्मपुत्र/पुत्री सम्बन्धी कार्य हुनुपर्ने कुरामा CNFN पूर्ण विश्वास गर्दै त्यस्ता सबै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयासमा CNFN को सक्रिय सहयोग रहीरहनेछ । अतः Hague Convention को प्रतिवेदनमा उठाइएका विषयहरुलाई CNFN ले सकारात्मक रुपमा लिंदै Hague Convention को प्रतिवेदनका टिप्पणी र रचनात्मक सुझावलाई CNFN हार्दिक स्वागत गर्दछ । साथै उक्त प्रतिवेदनका कतिपय विषय तथ्यगत रूपमा फरक पनि देखिएकोले त्यस सम्बन्धमा CNFN का थप प्रतिक्रिया सम्बन्धित निकायहरुमा पठाइने व्यहोरा पनि यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

बालबालिकाका निमित्त गैरसरकारी संस्थाहरुको महासंघ-नेपाल
**Child NGO Federation-Nepal (CNFN)**
भृकुटीमण्डप, काठमाडौं, फोन नं. ४२३८०४१